राजश्व सुधार कार्ययोजना, इन्द्रसरोवर गाउँपालिका

(Revenue Improvement Action Plan)

अन्तिम प्रतिवेदन

पेस गरिएको निकाय:

प्रदेश सुशासन केन्द्र

बागमती प्रदेश, जावलाखेल ललितपुर



तयार गर्ने:

नीरा कन्सल्टीङ ग्रुप्स प्रा.ली., पुल्चोक ललितपुर

आषाढ, २०७८

विषय-सुची

परिच्छेद-एकः परिचय *१*

१.१ पृष्ठभूमि १

१.२ राजश्व सुधारको औचित्य २

१.३ योजनाले राखेका उद्देश्यहरु २

१.४ योजना तर्जुमा विधि र प्रक्रिया २

१.५ योजनाका सिमाहरु ३

परिच्छेद-दुई : गाउँपालिकाको संक्षिप्त परिचय ४

२.१ पृष्ठभूमि संक्षिप्त परिचय ४

२.२ मानव संसाधनको अवस्था ५

परिच्छेद-तिनः स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता ७

३.१ राजश्व अधिकार सम्बन्धि कानुनी व्यवस्था ७

३.१.१ संवैधानिक व्यवस्था ७

३.१.२ कानुनी व्यवस्था ७

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १२

३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण १३

३.३.१ स्थानीय कर राजश्व १३

३.३.२ कर राजश्व .

३.३.३ गैर कर राजश्व १६

परिच्छेद-चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था २०

४.१ राजश्व परिचालन सम्बन्धी नीति २०

४.२ आय संकलनको संस्थागत क्षमता २०

४.३ आन्तरिक आय परिचालन २०

४.४ आन्तरिक राजश्व संरचनाको अवस्था २२

४.५ राजश्व परिचालनमा रहेका सवालहरु २२

परिच्छेद-पाँचः राजश्व सुधार कार्ययोजना २३

५.१ राजश्व सुधार कार्ययोजना २३

परिच्छेद-छः आगामी तिन बर्षको आय प्रक्षेपण २६

६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण २६

६.२ आगामी तिन आर्थिक बर्षको राजश्व प्रक्षेपण ङ्कचचद्रच! ख्द्रद्रण□कचण थद्र□ घङ्गद्दत्रथङ्गघ.

६.३ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण २९

६.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश ३१

परिच्छेद-सातः अपेक्षित नतिजा ३२

अनुसूचिहरु

१. बैठकको माइन्युटको छाया प्रति तथा तस्वीरहरु
२. आर्थिक ऐन, २०७७
३. तथ्यांक संकलन फाराम

परिच्छेद-एकः परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघीयता र स्थानीय स्वशासनको भावनालाई मूर्तरुप दिन निर्णय गर्ने अधिकारको निक्षेपण सहित स्थानीय तहलाई वित्तीय, प्रशासनिक र सेवा प्रवाहको अधिकार प्रदान गरेको छ। यस प्रकार स्थानीय तहहरुलाई संघीयताको सिद्धान्त अनुसार कानूनद्धारा नै आन्तरिक स्रोत परिचालनको लागि कर, शुल्क तथा दस्तुरको दर तोक्न सक्ने र सो बमोजिम आन्तरिक आय संकलन गर्न सक्ने अधिकार प्रदान गरेको हुन्छ। कानूनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही वित्तिय निक्षेपणको अधिकारलाई सही रुपमा परिचालन गर्न सकेमा स्थानीय तहको सेवा प्रदान गर्ने क्षमता थप सबल र सक्षम हुन सक्दछ।

नेपालको विद्यमान अवस्थामा कानूनले व्यवस्था गरे अनुसारका विगतका स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधि हरुको अनुपस्थितिले गर्दा १४ वर्ष देखि स्थानीय स्वायत्त शासनको अभ्यास पूर्णरुपमा हुन सकिरहेको थिएन। अन्तरिम व्यवस्था अन्तर्गत गाउँपालिकामा कार्यकारी अधिकृत मार्फत र गा.वि.समा गा.वि.स सचिवलाई निर्वाचित संस्थाको समेत जिम्मेवारी दिई कार्य संचालन हुंदै आएको थियो। जसले गर्दा स्थानीय निकायहरुमा निर्वाचित संस्थाबाट आन्तरिक आय परिचालनका सन्दर्भमा हुने नीति निर्माण, कार्यान्वयन तथा अनुगमन जस्ता कृयाकलापहरु हुन सकिरहेको थिएन भने बाह्य स्रोत माथिको निर्भरता क्रमशः वढिरहेको थियो।

वर्तमान परिवर्तित राजनैतिक घटनाक्रम संगै स्थानीय निकायहरु स्थानीय तहको रुपमा पुर्नसंरचना भए संगै गाउँपालिका तथा गाउँपालिकाको क्षेत्र, अधिकार तथा जिम्वेवारीहरुमा समेत परिवर्तन भएको छ भने सोही अनुरुप स्थानीय तहहरुको निर्वाचन पनि हालै मात्र सम्पन्न भएको छ। नेपालको वर्तमान संविधानले संघीय वित्त व्यवस्थाका मान्यता अनुसार संविधानमै विभिन्न तहका सरकारलाई विभिन्न कर तथा गैर करहरु लगाउने अधिकार दिएको छ।

आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा भंसार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार पनि केन्द्रीय सरकारलाई दिएको छ। घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर र कृषिमा आयकरलगाउने अधिकार प्रदेशको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, सम्पत्ति कर, घर बहाल कर र व्यवसाय करलाई स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ। यसैगरी गैर करहरुमा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना लगाउने अधिकार केन्द्रीय सरकारलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार प्रदेश सरकारलाई र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार स्थानीय सरकारलाई दिइएको छ। प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने व्यवस्था गरिएको छ भने कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था संघिय सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ।

गाउँपालिकाको विकास निर्माण र सुशासन व्यवस्थापनमा कर्मचारीहरुको प्राथमिक जिम्मेवारी रहनु र गाउँपालिका भित्र क्रियाशील राजनैतिक दल र सामाजिक कार्यकर्ताहरुको परामर्शीय भूमिका मार्फत गाउँपालिकाबाट निर्वाचित प्रतिनिधिहरुवाट नीति निर्माण र शासन व्यवस्थापन हुने क्रमको शुरुवात भएको छ। यस अवस्थामा गाउँपालिकाको वढ्दो खर्च धान्नका लागि र स्थानीय सरकारको सामार्थ्य वृद्धि गर्नका लागि पनि गाउँपालिकाको राजश्व वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

यो दस्तावेजमा इन्द्रसरोबर गाउँपालिकाको राजश्व सुधार कार्य योजना (RAIP) विषयमा भएका अध्ययन तथा छलफलको विस्तृत विवरण तयार गरिएको छ जसले गाउँपालिकाको वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजश्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ। यो कार्य इन्द्रसरोवर

गाउँपालिकाको माग वमोजिम प्रदेश शुसासन केन्द्रबाट अगाडि बढाईएको हो । यसबाट प्राप्त निचोड र आएका सुझाव अनुसार गाउँपालिकाले आफ्नो कार्ययोजना तयार गरी आगामी दिनहरुमा गाउँपालिकाको राजश्व सुधार गर्ने कार्यमा उपयोग गरिनेछ ।

१.२ राजश्व सुधारको औचित्य

स्थानीय सरकारलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसुचि ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरु पुरा गर्नुपर्ने अवस्था छ, यस प्रयोजनका लागि स्थानीय सरकारलाई संघिय तथा प्रदेश सरकारवाट प्राप्त हुने अनुदानका अतिरिक्त स्थानीय सरकारलाई आफ्नै राजस्वका आधारहरु तयार गर्ने अधिकार निहित रहेकोछ , स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय सरकारले आफ्नो क्षेत्रमा कर र गैरकर संकलन गर्नसक्ने अधिकार रहेकोछ, तर कर प्रणाली र अधिकार क्षेत्रवारे कम जानकारी, सा-साना व्यवसायहरुमा कर लागू गर्दा हुनसक्ने सम्भावित अलोकप्रियता, स्थानिय सरकारलाई प्राप्त हुन् आएको अनुदान नै खर्च हुन् नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्यकता महसुस नहुनु, जस्ता कारणहरुले गर्दा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहेर स्थानीय तहले अपेक्षित रुपमा राजस्व संकलन गर्न सकिरहेको अवस्था छैन्न यसरी स्थानीय सरकारहरुले वित्तीय संघियताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्रको बजेट खर्च गर्न पर्याप्त राजस्व जुटाउन नसकिरहेको अवस्था छ, यसर्थ, स्थानीय सरकारहरुलाई आफ्नो अधिकार क्षेत्र भित्र रहेर वैज्ञानिक कर प्रणाली लागू गरि कार्यान्वयन गराई आफ्नै राजस्व आधार तयार गर्न सहयोग पुर्याउनु नै प्रस्तुत कार्यक्रमको उद्देश्य रहेको छ ।

१.३ योजनाले राखेका उद्देश्यहरु

- स्थानीय तहलाई संविधानप्रदत्त अधिकार, जिम्मेवारी, राजस्व अधिकार, अन्तरसरकारी वित्तीय हस्तान्तरण, सार्वजनिक खर्चका लागि ऋण लिने अधिकार जस्ता अवधारणा र व्यवस्था वारे अनुशिक्षण प्रदान गर्ने ।
- राजस्वको दायराहरु खोजि तथा पहिचान गर्न सहयोग पुर्याउने तथा राजस्व प्रक्षेपणका वैज्ञानिक विधिहरु, दर निर्धारण प्रक्रिया र आधारहरु वारे स्थलगत अभ्यास गराई आन्तरिक राजश्वको महत्व महत्व र असुलि सम्बन्धमा ज्ञान प्रदान गर्ने ।
- स्थानीय तहको कम्तिमा आगामी ३ वर्षको राजस्व सुधार कार्य योजना निर्माण गर्ने ।

१.४ योजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्न विधि र प्रक्रिया अवलम्वन गरिनेछ, यस प्रयोजनका लागि छनोट भएका २ जना स्रोतव्यक्तिलाई स्थानीय तहका राजस्व परामर्श समिति पदाधिकारी, कर्मचारी लगायत स्थानीय सरोकारवालाहरुसंग स्थलगत रुपमा स्थानीय तहमा परिचालन गरिनेछ,

- छनोट भएका स्रोत व्यक्ति/विज्ञसंग सुशासन अध्ययन केन्दद्वारा सामान्य कार्यगत मार्गदर्शन प्रदान गर्ने,
- स्थानीय तहका प्रमुख, राजस्व परामर्श समितिका पदाधिकारीहरु र सम्वन्धित शाखाका कर्मचारीहरुलाई राजस्व संकलन, परिचालन तथा सुधार सम्वन्धमा सैद्धान्तिक रुपमा प्रस्टता ल्याउन १ दिने छलफल कार्यक्रम आयोजना गर्ने .
- स्थानीय तहको विगत ३ वर्षको राजस्व परिचालनको अवस्था वारे समिक्षा गरि सवल र कम्जोर पक्षहरुको पहिचान गर्ने,
- स्थानीय तहका प्रमुख करदाताहरुसंग छलफल गर्ने
- राजस्वका सम्भाव्य क्षेत्रहरुको पहिचान र परिचालन विधि वारे

- राजस्व प्रक्षेपण विधिहरु वारे छलफल, अभ्यास र सहमति गर्ने
- राजस्व सुधार कार्ययोजनाको मस्यौंदा तयार गरि कार्यपालिकामा प्रस्तुती र पृष्ठपोषण प्राप्त गर्ने र अन्तिम रुप दिने,

१.५ योजनाका सिमाहरु

गाउँपालिकाको राजश्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, प्रर्याप्त सूचनाको कमी, सिमित समयका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितिय स्रोतहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको आधारमा तयार गरिएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्वन्धित कर्मचारीहरु तथा अन्य सरोकारपक्षसँग भएको छलफलवाट प्राप्त सूचनाहरु समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनकोलागि उपलब्ध गराईएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरु गाँउपालिका तथा सम्बन्धित शाखाहरुको अभिलेख तथा राजश्व परामर्श समितिसँग भएको छलफल र स्थलगत अध्ययनवाट संकलन गरिएको छ ।
- गाउँपालिकाबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्वन्धी तथ्याङ्कहरु संकलन गरिएको छ । तथ्यांक संकलनको लागि घरधुरी सर्भेक्षण गरिएको छैन् तथापी पालिका स्तरबाट संकलित व्यवसाय, घरेलु उद्योग, कृषि फार्म जस्ता उद्यमहरुको तथ्यांक भने समावेस गरिएको थियो ।
- स्थानीय तहको निर्वाचन भएको लामो समय सम्म पनि अझै संवैधानिक प्रावधान अनुसारको राजश्व बाँडफाँड सम्वन्धी कानूनहरुमा जटिलता आएको र प्रदेश तथा स्थानीय तहको साझा अधिकारको क्षेत्रमा राजश्व बाँडफाँड सम्वन्धी प्रदेश कानून तर्जुमा भएको छैन । संवैधानिक ब्यवस्था अनुरुपका उपरोक्त ब्यवस्थाहरु पुर्ण भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

परिच्छेद-दुई : गाउँपालिकाको संक्षिप्त परिचय

२.१ पृष्ठभूमि संक्षिप्त परिचय

साविकका मार्खु, कुलेखानी, सिस्नेरी र फाखेल गाविसहरु समेटेर **इन्द्रसरोवर गाँउपालिका** घोषणा भएको हो । यसको सिमानामा पूर्वमा ललितपुर र काठमाण्डौ जिल्ला, पश्चिममा भीमफेदी गाउँपालिका, उत्तरमा थाहा न.पा. र काठमाण्डौ जिल्ला र दक्षिणमा भीमफेदी गाउँपालिका पर्दछन । भौगोलिक अवस्थिति अनुसार ८५°०७'५०" पूर्वी देशान्तर देखि ८५°१५'४७" पूर्वी देशान्तर सम्म फैलिएको छ भने २७°३२'१४" उत्तरी अक्षांस देखि २७°४०'००" उत्तरी अक्षांस (चन्द्रागिरी) सम्म फैलिएको छ । जिल्ला सदरमुकामबाट यो गाउँपालिका केन्द्र ४२ कि.मी. टाढाको दूरीमा रहेको छ भने काठमाण्डौवाट ४६ कि.मि.टाढा रहेको छ । ईन्द्रसरोवर गाँउपागालिका मकवानपुर जिल्लाको उत्तरपुर्वी भेगमा अवस्थित छ । ईन्द्रसरोवर गाँउपालिकाको जम्मा क्षेत्रफल ९७.३२ वर्ग कि.मी. रहेको छ ।

समून्द्र सतहबाट १०२० मिटर (बागमाने दोभान) देखि २५६१ मिटर (चन्द्रागिरी) सम्मको उचाईमा रहेको यो गाँउपालिकाको मौसम समशितोष्ण रहेको छ । ईन्द्रसरोवर गाँउपालिकाको पुर्व पश्चिमको दुरी १३.०५ कि.मि. रहेको छ भने उत्तर देखि दक्षिण तर्फ १४.०५ कि.मि.सम्म फैलिएको छ । राज्य पुनःसंरचना हुँदा ५ वटा वडामा विभाजित गरिएको यस गाँउपालिका भित्र जम्मा २०३ वटा मुख्य वस्तीहरु रहेका छन । यस गाँउपालिकामा सबैभन्दा बढी वस्ती वडा नं.१ मा छ भने सबैभन्दा कम वडा नं. ४ मा रहेका छन् । क्षेत्रफलका आधारमा यस गाँउपालिकाको वडा नं. १ सबै भन्दा ठुलो रहेको छ भने वडा नं. ५ सबै भन्दा सानो छ ।

भू-उपयोगको विवरण

भू उपयोग सम्वन्धि विवरण हेर्दा जम्मा क्षेत्रफल ९७.३२ वर्ग कि.मी. भएको ईन्द्रसरोवर गाँउपालिकामा कूल भुभागको ४४.१२ प्रतिशत भुभाग वन जंगलले ढाकेको छ भने कृषि क्षेत्रले ३२.९४ प्रतिशत भुभाग ओगटेको छ । यसैगरी झाडि क्षेत्र १७.९६ प्रतिशत तथा घाँसे क्षेत्र, नदी नाला, वगर, वाँझो जग्गा, भिरालोपन, ताल तलैयाको क्षेत्रफल क्रमशः १.७३, १.६७, १.०६, ०.२१, ०.१६ तथा ०.०१ रहेको छ। तलको तालिकामा भू उपयोग अनुसार गाँउपालिकाको क्षेत्रफललाई देखाइएको छ ।

तालिका १ : गाँउपालिकाको भूउपयोग सम्बन्धी विवरण

भू उपयोग	क्षेत्रफल (वर्ग कि.मि.)	प्रतिशत
वन जंगल क्षेत्र	४२.९४	४४.१२
कृषि क्षेत्र	३२.०६	३२.९४
झाँडी क्षेत्र	१७.४८	१७.९६
घाँसे क्षेत्र	१.७३	१.७८
नदी, नाला	१.६७	१.७२
बगर क्षेत्र (बलौटे)	१.०६	१.०९
बाँझो जग्गा	०.२१	०.२१
भिरालो जमिन	०.१६	०.१६
ताल तलैया	०.०१	०.०१
जम्मा क्षेत्रफल	**९७.३२**	**१००**
नेपालको कुल भुभागको ०.०६ प्रतिशत भुभाग र मकवानपुर जिल्लाको कुल भुभागको ४.०१ प्रतिशत भुभाग इन्द्रसरोवर गाँउपालिकाले ओगटेको छ ।		

श्रोतः गा.वि.स. तथा जि.वि.स. पार्श्वचित्र २०७३, मकवानपुर

जनसंख्या तथा घरपरिवार संख्या

आधारभुत सर्वेक्षण २०७३ अनुसार ईन्द्रसरोवर गाँउपालिकाको कुल जनसंख्या १८०७० रहेको छ । जसमध्ये पुरुषको संख्या ९१८४ (५०.७७ प्रतिशत) र महिलाको संख्या ८८८६ (४९.१२ प्रतिशत) रहेको देखिन्छ । यस गा.पा.मा महिला भन्दा २९८ जना पुरुषहरु बढी रहेका छन् । लैङिक अनुपात ९६.७५ रहेको यस गा.पा.मा औषत परिवार संख्या ५.५१ रहेको छ । यसैगरी यस गा.पाको सवैभन्दा वढी जनसंख्या तथा जनघनत्व भएको वडा १ नं. वडा हो, जसमा जम्मा ४२२४ जना जनसंख्या रहेको देखिन्छ । यसैगरी सवै भन्दा कम जनसंख्या रहेको वडा भने वडा नं. ४ हो जसमा २५३४ जना मात्र रहेका छन । वडागत जनसंख्याको वितरणलाई तलको तालिका तथा चार्टमा देखाइएको छ ।

वडा नं.	लिङ्ग (२०७३)		जम्मा	घर परिवार संख्या	औषत परिवार संख्या	कैफियत
	पुरुष	महिला				
१	२१५५	२०६९	४२२४	७१५	५.५५	
२	२१३३	२०२३	४१५६	६६६	६	प्लन इन्टरनेशनले गरेको पछिल्लो सर्भेक्षण अनुसार वडा नं. २ मा ६८३ घर परिवार संख्या र ३७१२ जम्मा जनसंख्या देखाएको छ ।
३	१७७७	१६८५	३४६२	५६९	५.५५	
४	१२९१	१२४३	२५३४	४३०	५.२५	
५	१८२८	१८६६	३६९४	६१३	५	
जम्मा	**९१८४**	**८८८६**	**१८०७०**	**२९९३**	**५.५१**	

२.२ मानव संसाधनको अवस्था

इन्द्रसरोवर गाउँपालिकामा कर्मचारीको स्वीकृत दरबन्दी २८ भएको अवस्था रहेता पनि हाल कार्यरत कर्मचारीको दरबन्दीलाई हेर्दा जम्मा १० जनाको दरबन्दी मात्र पूर्ति भएको छ । यसरी पदपूर्ति भएका कर्मचारीहरूलाई गाउँपालिकाको विभिन्न भूमिकाहरू जस्तो समान्य तथा कर्मचारी प्रशासन, आर्थिक प्रशासन, राजश्व प्रशासन, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, आदि पूरा गर्न खटाएको छ । गाउँपालिकाले हालसालै गरेको संगठन तथा व्यवस्थापन अध्ययनले देखाए अनुसार संगठन संरचना र कर्मचारी दरबन्दी तथा पदपूर्तिको अवस्था तल प्रस्तुत गरिएको छ ।

तालिका २ : स्वीकृत पद तथा पदपूर्तिको सारांश

क्र.सं	पद	तह	सेवा समूह	स्वीकृत दरबन्दी	पदपुर्ति	रिक्त
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प.तृतिय	नेपाल प्रशासन	१	१	०
२	अधिकृत	छैटौं	प्र.सा.प्र	२	१	१
३	सहायक	पाँचौ	प्र.सा.प्र	६	३	३
४	सहायक	चौथो	प्र.सा.प्र	३	२	१
५	सव इन्जिनियर	पाँचौ	सिभिल इन्जिनियरिङ्ग	३	१	२
६	अ.सब.इन्जिनियर	चौथो	सिभिल इन्जिनियरिङ्ग	४	२	२
७	खा.पा.स.टे.	चौथो	सिभिल इन्जिनियरिङ्ग	१	०	१
८	अधिकृत	सातौ आठौ	कृषि	१	०	१
९	सहायक	पाँचौ	कृषि	२	०	२
१०	सहायक	चौथो	कृषि	१	०	१
११	प.स्वा.प्रा.(भेट)	पाँचौ	कृषि पशु स्वा.	१	०	१
१२	प.से.प्रा(लापोडेड)	पाँचौ	कृषि पशु	१	०	१
१३	ना.प.स्वा.प्रा.(भेट)	चौथो	कृषि पशु स्वा.	१	०	१

क्र.सं	पद	तह	सेवा समूह	स्वीकृत दरबन्दी	पदपुर्ति	रिक्त
१४	ना.प.स्वा.प्रा.(लापोडेड)	चौथो	कृषि पशु	१	०	१
	जम्मा			**२८**	**१०**	**१८**

स्रोतः इन्द्रसरोवर गाउँपालिका कार्यालय, २०७८



परिच्छेद-तीनः स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता

३.१ राजश्व अधिकार सम्बन्धि कानुनी व्यवस्था

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजश्व अधिकार सम्बन्धीका प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ को अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसै गरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजश्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छ :

धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन ।

(२) स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

धारा २३६ : अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने बस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन ।

३.१.२ कानुनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४** को दफा ५४ देखि दफा ६३ सम्म र **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन (असविव्यऐ), २०७४** अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

(क) गाँउपालिकाको एकल अधिकारः

अ) कर

- ***सम्पत्ति करः*** आफ्नो क्षेत्रभित्रको घर तथा घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप घरजग्गामा (स्थाससंऐ)

- ***भूमिकर (मालपोत):*** सम्पत्ति कर लागेको घरजग्गा वाहेकको अन्य जग्गामा (स्थाससंऐ)

- ***घर जग्गा बहाल कर:*** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)

- ***व्यवसाय कर:*** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा (स्थाससंऐ)



- ***सवारी साधन कर:*** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)

- ***जडिबुटी, कवाडी र जीवजन्तु कर:*** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत (स्थाससंऐ)

आ) शुल्क

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)

- पार्किङ् शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा । (स्थाससंऐ)

- आफूले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) (स्थाससंऐ)

- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)

- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ) ।

ई) बिक्री गर्न सक्ने

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)

- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने । (स्थाससंऐ)

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

ऊ) प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - स्थानीय सहकारी संस्था
  - १०० वाट सम्मको एफएम रेडियो
  - घ वर्गको ठेक्का इजाजत
  - सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
  - प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम
  - मातृ भाषामा शिक्षा दिने विद्यालय
  - ट्युसन, कोचिङ्ग
  - औषधि पसल
  - परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
  - स्थानीय स्तरका व्यापारिक फर्म
  - स्थानीय तहका पत्र पत्रिका
  - जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
  - स्थानीय स्तरका संघ संस्था
  - इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन
  - लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविव्यऐ)

(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरूलाई प्रदान गरेको राजश्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजश्वको दर तथा संकलनका अन्य आधारहरूको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ ।

तालिका ३ : प्राकृतिक श्रोतको रोयल्टी बाँडफाडँ (प्रतिशतमा)

क्र.सं.	श्रोतहरू	संघ	प्रदेश	स्थानीय तह
१	पर्वतारोहण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	बन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य स्रोत	५०	२५	२५

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४

(ग) राजश्व बाँडफाँट (असविव्य, ऐन)

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

(ई) विज्ञापन करको दर गाउँपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

राजश्व बाँडफाँट अन्तर्गत संघीय सरकारवाट सङ्कलन भएको मूल्य अभिवृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँड हुने व्यवस्था छ ।

१) प्रदेश सरकारबाट गरिने बाँडफाँट

त्यसैगरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करवाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्वन्धित स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहवाट संकलन भएको कर तथा शुल्कको ४० प्रतिशत रकम सम्वन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ ।

तालिका ४ : स्थानीय र प्रदेश तह वीचको राजश्व बाँडफाँड

क्र.सं.	करका क्षेत्रहरू	संकलन गर्ने तह	राजश्व बाँडफाँड (प्रतिशतमा)	
			प्रदेश	स्थानीय तह
१	सवारी साधन कर	प्रदेश	६०	४०
२	घरजग्गा रजिष्ट्रेशन शुल्क	स्थानीय	४०	६०
३	मनोरञ्जन कर	स्थानीय	४०	६०
४	विज्ञापन कर	स्थानीय	४०	६०

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

२) मूल्य अभिवृद्धि कर, अन्तशुल्क

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त:शुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकम मध्ये संघीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाडँफाँड गर्ने व्यवस्था रहेको छ ।

तालिका ५ : मूल्य अभिबृद्धि कर, अन्तशुल्कको बाँडफाँड

क्र.सं.	श्रोतहरू	संघ	प्रदेश	स्थानीय तह
१	मूल्य अभिवृद्धि कर (भ्याट)	७०	१५	१५
२	अन्तशुल्क	७०	१५	१५

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)

(घ) अनुदान

संघीय तथा प्रदेश सरकारवाट प्रदान गरिने वित्तीय समानिकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । समपूरक तथा विशेष अनुदानकोलागि स्थानीय तहहरूवाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

- ***वित्तीय समानीकरण अनुदान:*** खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- ***सशर्त अनुदान:*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***समपूरक अनुदान:*** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***विशेष अनुदान:*** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट



(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने (स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने (असविव्यऐ)
- कर वा गैर कर राजश्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजश्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)
- राजश्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ) ।

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकाको आन्तरिक आय सम्भाव्यता थाहा पाउनको लागि हालको कानुनी प्रावधान अनुसार गाउँपालिकालाई उपलब्ध आय शिर्षकहरुको परिचालन कसरी गरिएको छ भनी जान्नु उपयुक्त हुन आउँछ । गाउँपालिकाले उपरोक्त आय शिर्षकहरु मध्ये कतिवटामा असुली गरिरहेको, कतिवटामा संकलनको निर्णय मात्र गरेको र भएका शिर्षक मध्ये कतिवटामा दर र दायरा वढाउन सकिने र कतिवटा शिर्षक परिचालन गर्न सकिने हो भनी गाउँपालिकाका पदाधिकारीहरुसँगको छलफलबाट यथार्थ अवस्था झल्काउन कोशिस गरिएको छ ।

तालिका ६ : आन्तरिक आय संकलनको विद्यमान अवस्था विवरण

आय शीर्षकहरू	सम्भावना (भएको/नभएको)	बैठकबाट दर निर्धारण (भएको/नभएको)	पालिकाबाट संकलन (भएको/नभएको)
क) कर राजस्व			
मालपोत वा भूमिकर	भएको	भएको	भएको
सम्पत्ति कर	भएको	भएको	भएको
व्यवसाय कर	भएको	भएको	भएको
सवारी दर्ता तथा वार्षिक सवारी कर	भएको	नभएको	नभएको
बिटौरी कर	नभएको	नभएको	नभएको
बहाल कर	भएको	भएको	भएको
विज्ञापन कर	भएको	भएको	नभएको
मनोरञ्जन कर	नभएको	नभएको	नभएको
(ख) गैर कर राजश्व			
सवारी पार्किङ्ग शुल्क	नभएको	नभएको	नभएको
खानेपानी महशुल	नभएको	नभएको	नभएको
विद्युत महसुल	नभएको	नभएको	नभएको
पर्यटन सेवा शुल्क	नभएको	नभएको	नभएको
फोहरमैला व्यवस्थपन शुल्क	भएको	नभएको	नभएको

आय शीर्षकहरू	सम्भावना (भएको/नभएको)	बैठकबाट दर निर्धारण (भएको/नभएको)	पालिकाबाट संकलन (भएको/नभएको)
अचल सम्पत्ति मूल्यांकन शुल्क	भएको	भएको	भएको
दर्ता तथा नविकरण दस्तुर	भएको	भएको	भएको
नक्सापास दस्तुर	भएको	भएको	भएको
सिफारिस दस्तुर	भएको	भएको	भएको
नाता प्रमाणित दस्तुर	भएको	भएको	भएको
अन्य प्रमाणित दस्तुर	भएको	भएको	भएको
दण्ड जरिवाना	भएको	नभएको	नभएको

३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

३.३.१ स्थानीय कर राजश्व

यस भागमा गाउँपालिकाको आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ ।

(क) सम्पत्ति कर

विद्यमान अवस्था :

स्थानीय सरकार संचालन ऐन, २०७४ को संशोधन अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ । यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरेको छ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्नेछ । घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्यांकनका आधारहरू देहाय बमोजिम हुनेछन :

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

यस व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक ऐनमा गाउँपालिकाको क्षेत्रभित्र कुनैपनि व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर र जग्गाको एकिकृत रुपमा हिसाब गरी मुल्यांकनका आधारमा सम्पत्ति कर लगाउँदै आएको छ । आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनको दर (आधार) र करका दरहरु निर्धारण गरेको छ । गाउँपालिकाले सम्पत्ति कर सम्बन्धी कार्यविधि तयार पारेर सम्पत्ति कर सम्बन्धी दर निर्धारण गरी घर र घरले चर्चेको जग्गाको मूल्याङ्कन दर र घर तथा संरचना ह्रासकट्टी समेत मूल्याङ्कन दर निर्धारण गर्नुपर्ने देखिन्छ ।

संभाव्यता :

तालिका ७ : सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण

सम्पत्ती मूल्य विवरण	करदाता संख्या (अनुमानित)	औसत करको दर	सम्भाव्य संकलन (रु.)
रु. ५ लाख सम्म	१०००	२००	२०००००
रु. ५ लाख १ देखि १० लाख सम्म	८००	३००	२४००००
रु. १० लाख १ देखि २० लाख सम्म	६००	५००	३०००००
रु. २० लाख १ हजार देखि ५० लाख सम्म	४००	१०००	४०००००
रु. ५० लाख १ देखी १ करोड सम्म	१००	२०००	२०००००
रु १ करोड भन्दा माथि	९३	२५००	२३२५००
जम्मा	**२९९३**		**१५७२,५००**

सुझावहरु

- जग्गालाई मालपोतको न्युनतम दर सँग सामञ्जन्यता हुने गरी मूल्याङ्न गरी सम्पत्ति करको दरलाई गाँउवासीको कर तिर्न सक्ने क्षमताको आधारमा निर्धारण गर्ने
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सम्पत्ति कर संकलन गरी बाँकी जग्गामा मालपोत संकलन गर्ने गरी कार्यविधि तयार पारी लागु गर्नुपर्ने
- करदाताको पहिचान गरी विवरण अद्यावधिक गर्ने

(ख) मालपोत वा भूमि कर

विद्यमान अवस्था :

गाउँपालिकाले आर्थिक ऐनको अनुसूचि १ (क)मा मालपोतको दर तोकेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को संशोधनले घर र भौतिक संरचना र चर्चेको दोब्बर सम्मको जग्गामा सम्पत्ति कर तथा बाँकी जग्गामा भुमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था गरेको छ ।

संभाव्यता :

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरे अनुसार घर तथा संरचनाले चर्चेको भन्दा बाहेकको जग्गामा भूमि (मालपोत) करको संभाव्यता अनुमान गरिएको छ । गाँउपालिकाको वस्तुस्थिति विवरण अनुसार यस गाउँपालिकाका करिब ३००० करदाताको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गामा मालपोत लगाउने प्रावधान अनुसार मालपोत करको दायरामा पनि आउने अनुमान गरिएको छ । कूल भूमिकर योग्य जग्गालाई सडकले छोएको तथा बजार क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्र खेत, कृषि क्षेत्र बारी गरी ४ क्षेत्रमा वर्गीकरण गरी जग्गाको मूल्य र उपयोगको आधारमा दर निर्धारण गर्दा भूमिकरको संभावना देहायअनुसार रहेको देखिन्छ ।

तालिका ८ : मालपोत कर सम्बन्धी सम्भाव्यता विश्लेषण

जग्गा विवरण	करदाता संख्या (अनुमानित)	क्षेत्रफल रोपनी	करको दर (रु. प्रति रोपनी	सम्भाव्य संकलन रु. हजारमा
सडकले छोएको तथा बजार क्षेत्र	१२००	१३२००	१००	१,३२०,०००
आवास क्षेत्र	८००	८८००	५०	४४०,०००
कृषि क्षेत्र खेत	२००	२२००	४०	८८,०००
कृषि क्षेत्र पाखो	९००	९९००	२०	१९८,०००
जम्मा	**३१००**	**३४१००**		२०४६०००

सुझावहरु

- मालपोतको दर निर्धारण गर्दा जग्गाको क्षेत्रफल र मुल्यांकनको आधारमा गर्ने
- बाटोले छोएको र नछोएको पत्ता लगाउन बाटोको लगत कट्टा गरी भु सूचना प्रणालीमा आवद्ध गर्ने
- मालपोत संकलन कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने

(ग) घरजग्गा बहाल कर

विद्यमान अवस्थाः

गाउँपालिकाले आर्थिक ऐन २०७७ को अनुसूचि २ मा घरजग्गा वहालकर लिने व्यवस्था गरेको छ । जसअनुसार गाउँपालिका क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिइएमा सम्बन्धीत धनीबाट बहाल करको १० प्रतिशत घरवहाल कर असुल गर्ने व्यवस्था गरेको छ ।

संभावनाः

गाउँपालिकाको वस्तुस्थिति विवरण अनुसार व्यक्तिगत प्रयोजनको लागि भाडामा दिने परिवार २५ र व्यवसायिक प्रयोजनको लागि १५ जना रहेको अनुमान गर्न सकिन्छ । व्यवसायिक प्रयोजनको लागि भाडामा दिंदा बहाल रकमको १० प्रतिशत र व्यक्तिगत प्रयोजनको लागि भाडामा दिंदा ५ प्रतिशत दर कायम गर्दा संकलन हुनसक्ने रकम देहायको तालिकामा दिइएको छ ।

तालिका ९ : घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण

प्रयोजनका आधारमा बहाल लिने करदाता	बहालमा भएको घरजग्गा संख्या	औसत मासिक भाडा रकम	जम्मा वार्षिक भाडा असुली	प्रस्तावित करको दर	घर बहाल कर
	(क)	(ख)	(ग)	(घ)	(ङ)
	अनुमानित	अनुमानित	क x ख x १२	प्रतिशत	ग को १० प्रतिशत
अडिट गर्ने संस्थागत प्रयोजनले व्यवसायीक फर्म, वित्तिय तथा सार्वजनिक संस्थाहरूलाई वहालमा लगाउने (औसत मासिक रु. १५००० भाडा आर्जन गर्ने)	१५	५,०००	९००,०००	१०	९०,०००
घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. ६००० भाडा आर्जन गर्ने)	२५	२५००	७५०,०००	१०	७५,०००
जम्मा	**४०**		**१,६५०,०००**		**१६५,०००**

सुझावहरु

- घर जग्गा बहाल असुलीको कार्यविधि निर्माण गर्ने
- बहालमा लगाइएको जग्गा तथा घरको लगत संकलन गर्ने
- घरजग्गा बहाल रकम मूल्याङ्कन गर्न घर तथा संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटको दरले बहाल मूल्य निर्धारण गर्ने र सो बमोजिम बहाल रकम निर्धारण गरी कर संकलन गर्ने

(घ) व्यवसाय कर

विद्यमान अवस्थाः

गाउँपालिकाले आर्थिक ऐनमा गाँउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाई असुल उपर गरिने व्यवस्था गरेको छ । आर्थिक ऐनमा व्यवसाय करको

दर निर्धारण गरिएको छ । आ.व. २०७६/७७ मा व्यवसाय करको शीर्षकवाट रु ७६ हजार रकम संकलन भएको थियो । चालु आ.व.को असार १५ सम्ममा ९५ हजार रकम संकलन भएको अवस्था छ भने यो वर्षको लागि कुल १ लाख ११ हजार रकम सकलन गरिने अपेक्षा राखिएको छ ।

संभावना:

गाउँपालिकाले प्रकाशन गरेको गाँउपालिकाको वस्तुस्थिति विवरण अनुसार यस गाँउपालिकामा रहेका विविध किसिमका व्यवसायहरू करको दायरामा आउन सक्ने अनुमान गरिएको छ । व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गर्दा व्यवसाय करबाट उल्लेखनीय रकम हासिल गर्न सकिन्छ । जस मध्ये गाउँपालिका क्षेत्र भित्र राजमार्गको आसपासमा रहेका होटल तथा अन्य पसलबाट कम्तीमा पनि रु ५ लाख रकम संकलन गर्न सकिने सम्भावना देखिन्छ ।

सुझावहरु

- व्यवसायको प्रकृति तथा पूँजीगत लगानीको आधारमा वर्गीकरण गर्ने र दर निर्धारण गर्ने
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नका लागि गाँउकार्यपालिकाबाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था गर्न इन्द्रसरोवर उद्योग वाणिज्यसंग सहकार्य तथा समन्वय गर्ने
- व्यवसाय कर संकलनको लागि वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान सञ्चालन गर्ने
- व्यवसायीहरुले कर चुक्ता प्रमाणपत्र लिंदा व्यवसाय नवीकरण गरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्ने नीति निर्माण गरी आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ कार्यालयसंग सहकार्य गर्ने

३.३.२ गैर कर राजश्व

(क) नक्सा पास दस्तुर

विद्यमान अवस्था :

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा वस्ती विकास तथा भवन निर्माण आधारभूत मापदण्ड २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्ड अनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ । यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखिकरण वापत दस्तुर लिन सक्ने कानूनी व्यवस्था रहेको छ ।

सम्भावना:

यस गाउँपालिका क्षेत्रमा हालका दिनमा आवासीय र व्यापारिक दुवै वर्गका भवन निर्माणमा विस्तारै बढदै जाने अनुमान गरिएको छ । आगामी आ.व.मा गाउँपालिका क्षेत्रमा करिब २५ वटा भवन निर्माण मापदण्ड २०७२ अनुसार बन्ने, ५० वटा पक्की घर र १०० वटा कच्ची घरको नक्सा अभिलेखिकरण गरिने अनुमान गर्दा तपशिल बमोजिमको दस्तुर संकलन हुने सम्भावना रहेको छ :

तालिका १० : नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण

भवनको किसिम र बनोट	आगामी आ.व.को अनुमान (संख्या)	औसत वर्ग फिट	प्रति वर्ग फिट दर (रु)	कूल संभाव्य रकम (रु.)
भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका घर	२५	१०००	५	१२५,०००
अभिलेखीकरण पक्की घर	५०	१०००	६	३०००००

भवनको किसिम र बनोट	आगामी आ.व.को अनुमान (संख्या)	औसत वर्ग फिट	प्रति वर्ग फिट दर (रु)	कूल संभाव्य रकम (रु.)
अभिलेखीकरण कच्ची घर (प्रति घर)	५००		१००	५००००
जम्मा	**१७५**			**४७५०००**

(ख) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

विद्यमान अवस्था :

